# सप्तरी जिल्ला अदालत

राजविराज
[ प्रशासन शाखा ]

☎ ०३१-५३१५९९

टोल फ्री नं. १६६०३१५२००५

**सूचना !** **सूचना ! !** **सूचना ! ! !**

## मिति २०७८।१।३० गते

उपर्युक्त विषयमा हाल देखिएको नयाँ भेरिएन्टसहितको कोभिड-१९ को संक्रमण देशै भरी व्यापकरुपमा विस्तार भइरहेको सन्दर्भमा यस अदालतबाट प्रदान गरिने न्यायिक सेवाहरुको हकमा मिति २०७८।१।१९ गते आइतबारदेखि संकुचन गरी सेवा प्रवाह गरी आएकोमा कोभिड-१९ को संक्रमण तिब्ररुपमा फैलिरहेको साथै उच्च अदालत बार एशोसिएशन, राजविराज र सप्तरी जिल्ला अदालत बार इकाईसमेतको मिति ०७८।१।२० मा बसेको संयुक्त बैठकबाट भएको निर्णयबमोजिम नियमित पेशी लगायत मुद्दाको काम काज स्थगित सम्बन्धी च.नं.३८ मिति ०७८।१।२० को पत्रसमेतबाट अनुरोध भई आएको स्न्दर्भमा यस अदालतको मिति २०७८।१।२१ मा बसेको पूर्ण बैठकबाट मिति ०७८।१।२२ गतेदेखि मिति ०७८।१।३१ शुक्रवारसम्म देहायका सेवाहरु मात्र सुचारु गर्ने गरी यस अदालतबाट २०७८।१।२१ मा सूचना प्रकाशन गरिएकोमा यसै अदालतमा कार्यरत कर्मचारी, कानुन व्यवसायी र सेवाग्रहीसमेतलाई कोभिड-१९ संक्रमित भएको र जिल्ला प्रशासन कार्यालय सप्तरीबाट मिति २०७८।१।२५ गते शनिवार देखी जिल्लाका मुख्य सहरहरुमा अनिश्चितकालिन निशेधाज्ञा जारी गरेकोले आज मिति २०७८।१।३० गते बसेको यस अदालतको पुर्ण बैठकले २०७८।१।२१ को सूचनामा उल्लेख भएका सेवाहरु नै मिति २०७८।२।१४ शुक्रवार सम्म सुचारु गर्ने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । यसबाट आम सेवाग्राहीहरुमा पर्न जाने असुविधाप्रति अदालत प्रशासन क्षमाप्रार्थी छ । यस सूचना सम्बन्धमा कुनै दुबिधा भए यस अदालतको टोल फ्रि नम्बर १६६०३१५२००५ मा सम्पर्क गरी जानकारी लिन सकिनेसमेत जानकारी गराइन्छ ।

..............................

(हेमसागर पोखरेल)

शाखा अधिकृत

# सप्तरी जिल्ला अदालत

राजविराज

[ प्रशासन शाखा ]

☎ ०३१-५३१५९९

टोल फ्री नं. १६६०३१५२००५

## अदालतबाट सूचारु भएका सेवाहरु

- पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पूर्जीको समर्थन, म्याद थप गर्ने र कल डिटेल सम्बन्धी अनुमती लिने कार्य अनिवार्यरुपमा अनलाइन वा भिडियो कन्फ्रेन्समार्फत नियमित गर्ने गराउने,
- अभियोग पत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको वयान लिने र थुनछेक आदेश सम्बन्धी कार्य गर्ने
- बाल सुधार गृहमा रहेका बाल बालिका जिम्मा लिने सम्बन्धी निवेदन दर्ता र सो उपर हुने कारवाही
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन दर्ता र सुनुवाई गर्ने,
- बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको रिट निवेदन तथा घरेलु हिंसा सम्बन्धी फिराद पत्र दर्ता र सुनुवाई
- मुद्दा फिर्ता, मिलापत्र र फैसला कार्यान्वयनतर्फ घरसारमा रकम बुझी निवेदनमार्फत रोक्का जग्गा फुकुवा सम्बन्धी कार्य, कैद भुक्तान भई छाड्ने विषय र जरिवाना बुझाउन पाउने,
- यस अगाडीनै कसुर कायम भई सजाय निर्धारणको लागी तोकिएकोमा सुनुवाई गर्ने
- नयाँ भेरिएन्टसहितको कोभिड-१९ सँग सम्बन्धित निवेदनहरु दर्ता र सुनुवाई,
- माथि उल्लेखित सेवाहरु बाहेकका मुद्दा पेशी तथा अन्य तारेख लगायतका सम्पूर्ण काम कारवाहीहरु सूचनामा तोकिएको अवधिसम्म स्थगन गरिने र उक्त मिति ०७८।१।३० देखि ०७८।२।१४ गतेसम्मको हदम्याद, म्याद र तारिख नगुज्रिने,
- यस अदालतबाट प्रदान गरि आएको मुद्दा पेशी तथा अन्य तारेख लगायतका सम्पूर्ण काम कारवाहीहरु सूचनामा तोकिएको अवधिसम्म स्थगन गरिने र उक्त मिति २०७८।२।१४ गते शुक्रवार सम्मको हदम्याद, म्याद र तारिख नगुज्रिने,
- यसै बीच अन्यथा निर्णय वा व्यवस्था भएको अवस्थामा बाहेक उक्त अवधिभित्रका मुद्दा दर्ता, म्याद र तारिख सम्बन्धी कार्यका लागि निवेदन दिने सम्बन्धमा छुट्टै सूचना प्रकाशित गरिने छ ।